शुद्धोदन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः९ संख्या : १ मितिः- २०८२/०२/२२ (अतिरितांक)

भाग — २

शुद्धोदन गाउँपालिका

मानपकड़ी, लुम्बिनी प्रदेश

## वैदेशिक रोजगारीमा रहदा घाईते तथा अशक्त भएका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२

सम्बत २०८१ को कार्यविधि नं. १ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०२/२२

# शुद्धोधन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# मानपकडी, रुपन्देही

प्रस्तावनाः

यस शुद्धोधन गाउँपालिका भित्र वसोवास गर्ने वैदेशिक रोजगारीबाट फर्किएका विरामी, घाईते तथा अशक्त नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने स्थानीय स्तरवाट तथा अन्य निकाय मार्फत विनियोजित  रकमको वैध,पारदर्शी र जवाफदेही वनाउन वान्छनीय भएकोले शुद्धोधन गाउँपालिका, गाउँ कार्यपालिकाको प्रशासकिय कार्यविधि नियमन गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि शुद्धोधन गाउँपालिकाले यो कार्यविधि वनाई लागु गरेको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षित नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "वैदेशिक रोजगारीमा रहदा घाईते तथा अशक्त भएका नागरिकहरुलाई आर्थिक सहायता उपलव्ध गराउने सम्बन्धि कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले यस गाउँपालिका भित्र वसोवास गर्ने वैदेशिक रोजगारीबाट फर्किएका घाईते तथा अशक्त नागरिक सम्झनु पर्दछ ।

(ख) "गाँउपालिका" भन्नाले शुद्धोधन गाउँपालिका, रुपन्देही लाई सम्झनु पर्दछ ।

(ग) "गाँउपालिका अध्यक्ष" भन्नाले शुद्धोधन गाउँपालिका, रुपन्देहीको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शुद्धोधन गाउँपालिका, रुपन्देहीको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ४ मा गठित सिफरिस समिति सम्झनु पर्छ ।

(च) "आर्थिक सहायता" भन्नाले सिफारिस समितिले सिफरिस गरेको ब्याक्तिलाई आर्थिक प्रशासन शाखा मार्फत भुक्तानि हुने रकमलाई सम्झनु पर्छ ।

(छ) "अशक्त" भन्नाले शारीरिक तथा मानसिक दुवै रुपले अशक्त सम्झनु पर्छ ।

३. वैदेशिक रोजगारीबाट फर्किएका घाईते तथा अशक्त नागरिकहरुलाई आर्थिक सहायताः (१) वैदेशिक रोजगारीमा रहदा विरामी, घाईते तथा अशक्त भई फर्किएका आर्थिक रुपले विपन्न, असहाय तथा अशक्त नागरिकले आवश्यक कागजात सहित अनुसूचि १ बमोजिमको निवेदन फारम उपदफा (२) बमोजिमको समितिमा पेश गर्नुपर्ने छ ।उक्त कार्यलाई गाउँपालिकाको रोजगार सेवाकेन्द्रले आवश्यक सहजीकरण गर्नेछ।

(२) वैदेशिक रोजगारीबाट फर्किएका घाईते तथा अशक्त नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न यस गाँउपालिकामा देहाय वमोजिमको सिफारिस समिति रहनेछ ।

(क) गाँउपालिका अध्यक्ष संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ग) आर्थिक विकास समिति संयोजक सदस्य

(घ) स्वास्थ्य संयोजक (स्वास्थ्य शाखा प्रमुख) सदस्य

(ङ) रोजगार संयोजक सदस्य सचिव

४ **काम ,कर्तब्य र अधिकारः** (१) दफा ३ उपदफा (२) वमोजिमको समितिको काम ,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वैदेशिक रोजगारीबाट फर्किएका बिरामी, घाईते तथा अशक्त नागरिकको कागजात सहितको निवेदन संकलन गर्ने ।

(ख) दफा ५ (४) बमोजिम आर्थिक सहायताको निणर्य गर्ने ।

(ग) सिफारिस गर्दा एक जनालाई एकपटक मात्र सिफारीस गर्नसक्ने ।

(घ) सिफारिस समितिको वैठक महिनाको १ पटक वा आवश्यकता अनुसार वस्नेछ ।

**५. सेवा लिने प्रक्रियाः** (१) विगत तिन बर्ष भित्रमा विरामी, अङ्गभङ्ग वा अशक्त भई विदेशमा काम गर्न नसकेको कारण नेपाल फर्कीएका नागरिकले गाउँपालिका मार्फत आर्थिक सहायता लिनको लागि अनुसुची १ वमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) वमोजीमको आर्थिक सहायताको लागि, आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, नेपाल आए पश्चात नेपालको अस्पतालमा जाँच गरेको रिपोर्ट , विदेशको अस्पतालमा जाँच गराएको कागजात वा विरामी भई काम गर्न नसक्ने भई फर्काइएको भन्ने रोजगारदाता कम्पनी वा दुतावासको पत्र, श्रम स्वीकृतिको कागजात, विदेश गएको र आएको प्रमाणित हुने गरी राहदानीको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साईजको एक प्रति फोटो र निवेदन गाउँपालिकाको रोजगार सेवा केन्द्रमा पेश गर्नु पर्ने छ ।

(३) उपदफा (१) वमोजीमको निवेदन तथा आवश्यक कागजात प्राप्त गरी जाँचवुझ गरिसकेपछी निवेदकलाई औचित्यताको आधारमा सिफारिस समितिको वैठकले निणर्य गरे बमोजिम आर्थिक सहायता उपलब्ध गराउनेछ ।

(४) आर्थिक सहायता प्रदान गर्दा प्राप्त गरेको निवेदन र कागजातको आधारमा न्यूनतम रु. ५०००।– देखी अधिकतम रु. १००००।– सम्म समितिले निर्णय गर्न सक्नेछ। सो भन्दा बढि रकम उपलब्ध गराउनु पर्ने अवस्था सृजना भएमा कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराईने छ।

(५) आर्थिक सहायता पाउन योग्य व्यक्तिलाई वैंक मार्फत भुक्तानी दिईनेछ ।

**६. कोषको व्यवस्थाः** आन्तरिक आम्दानीबाट वार्षिक रुपमा रकम विनियोजन गरी योजना पुस्तिकामा प्रकाशन गरिनेछ।

**७. अभिलेख तथा प्रतिवेदनः** (१) आर्थिक सहायता सम्वन्धि रकमको अभिलेख रष्जिटर वनाई सुरक्षित रुपमा राखिनेछ ।

**८. निरीक्षण, अनुगमन तथा मूल्यांकन सम्वन्धी ब्यावस्थाः** (१) वैदेशिक रोजगारीबाट फर्किएका घाईते तथा अशक्त नागरिकहरुलाई आर्थिक सहायता प्रदान गर्ने कार्यको अनुगमन शुद्धोधन गाँउपालिका, रुपन्देहीको स्थानीय निर्देशन समितिले गर्नेछ ।

**९. कारवाही हुनेः** (१) यस निर्देशिका विपरित कार्य गर्ने सम्वन्धीत वडाको पदाधिकारी, वा कर्मचारी, सिफारिस समिति लाई निजको सेवा शर्त सम्बन्धी प्रचलीत कानुन वमोजीम कारवाही हुनेछ ।

**१०.खारेजी/वचाउः** (१) वैदेशिक रोजगारीमा रहदा घाईते तथा अशक्त भएका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ वमोजीम भए गरेका कार्यहरु यसै कार्यविधी बमोजीम भए गरेको मानिने छ ।

अनुसुचि-१

(दफा ३ उपदफा १ संग सम्बन्धित)

(वैदेशिक रोजगारीबाट फर्किएका घाईते तथा अशक्त नागरिकहरुलाई आर्थिक सहायताको लागि दिने निवेदन)

श्रीमान् अध्यक्ष ज्यू,

.........................................................................................................................

म श्री ..................................................... वैदेशिक रोजगारीको लागि ....................(मुलुक) गएकोमा मिति .................... का दिन सोहि मुलुकको ....................भन्ने स्थानमा दुर्घटना/विरामी परी अङ्गभङ्ग/शारीरिक/मानसिक अशक्तता भएको हुँदा वैदेशिक रोजगारीमा रहदा घाईते तथा अशक्त भएका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ वमोजिम आर्थिक सहायता पाउन आवश्यक कागजात र विवरण यसै साथ राखी निवेदन दिन आएको छु । नियमानुसार आर्थिक सहायता पाउन अनुरोध गर्दछु ।

१. निवेदकको

(क) नाम थरः

(ख) राहदनी नं.

(ग) नागरिकता नं.

(घ) दुर्घटना/विरामी सम्बन्धी विवरणः

२.बाबुको नामः

३. पति/पत्निको नामः

४.काम गर्न गएको मितिः

५.फर्किएको मितिः

६. श्रम स्वकृतिको मितिः

७. दुर्घटना/विरामी सम्बन्धी प्रमाणपत्र (कम्पनी/दुतावास/अस्पताल)

८. उपर्युत बमोजीमको ब्यहोरा साँचो हो झुठा ठहरे सहुंला वुझाउंला ।

निवेदकको नामः

ठेगानाः

दस्तखतः

मितिः

सम्पर्क नं

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः- २०८२/०२/२२

आज्ञाले

लेख बहादुर बस्नेत

प्रमुख प्रशासकीय अधिकृत